# महाज्योति प्रति

नौ दस बर्ष अघि म र मेरो साथि सहित्यकार दौलत बिक्रम बिस्ट को घर मा  गये को थियौं।
साथि को वँहा को घर सित परिबारिक सम्बंध हुना ले मेरो त्यँहा  जाने साइत जुरेको थियो ।
भ्रमण को उदेश्य साथि को भेट्घाट भय पनि म भने सहित्य कार बिस्ट ज्यू लाइ भेट्ना
पाइला  नपाइला ,भेटे भने  मैले के कुरा गर्ने होला भन्दै गुन्दै गयँ ।

वँहा को निबास मा पुग्दा वँहा भुँइ तला को कोठा मा बसिरहेको हुन्नुहुन्दो रहेछा ।
साथि को  भलाकुसारि पछि मैले वँहा लाइ प्वाक्क भनें/ तपाँइ को चपाइएको अनुहार  उपन्यास
साह्रै राम्रो लाग्यो यो कसरि लेख्नु भेयो?म पनि अलिकति जर्मन भाषा बुझ्ने भएको ले
उपन्यस झन राम्रो लागे को थियो. पत्र मित्रता,जर्मन संग युद्ध, युद्ध म बन्दि प्रति नेपाली सैनिक को दृस्ति कोण
आदि बारे एकै चोटि सोधें. कसोरि लेख्नु भयो यस्तो राम्रो उपन्यास ।
त्यसपछि बिस्ट ज्यू ले उपन्यास को  बि भिन्न पात्र र दृष्य को बर्णण गर्ना थाल्नुभयो।
यति मीठो र सजीब बर्णण थियो कि म लाइ लाग्यो म त्यो म ति दृष्य हरु आंखा अगडि नै देखि रहेछु.
के सोच्नु भयो कुन्नि, बोल्दा बोल्दै वँहा टक्क अड्नु भयो र मलाइ सोध्नु भयो।
के तपँ इ ले ’ ज्योति ज्योति  महा ज्योति ’पढनु भएको छ?
एउटा मीठो संगीत चट्टा रोकियो।
मैले भने छैन।
वँहा ले भन्नु भयो
त्यो पढ्नु होस !
त्यो त बाहुन  लाइ दान गरि दिए पनि हुंछ.

आफ्नो पुस्तक प्रति वँहा को गर्ब र आत्म अभिमान देखेरा म आस्चर्यित भएँ.
मन मनै सोचें कस्तो लेखक रहेछन अफ्नै पुस्तक को आफै प्रसंसा गर्ने

अरु कुरा भए, अरु सहित्य कार को।
नेपाली सहित्य कार लाइ सम्मान त्यति नपुगेको कुरा गर्दा भन्नु भयो` कसिलैइ चहिने भन्दा बड़ी सम्मान भएको छ।

केहि समय पछि ज्योति ज्योति महा ज्योति पढें.अनि थाहा पाएँ , बाहुन लाइ दान गरेर दिए हुंछ भन्नु को अर्थ ।
त्यति स्तरिय पुस्तक नेपाली  सहित्य मा बिरलै पाइंछ।

वँहा ले भने जस्तो दान त दिइन तर वँहा ले नै नेपाली सहित्य लाइ एउटा महा ज्ञान प्रदान गर्नु भया । महा दान गर्नु भयो। त्यो नै नेपाली सहित्य मा महा ज्योति भएर रहने छ ।

महा ज्योति को महा प्रस्थान मा महा समबेदना ।

कपिल अधिकारी
जनवरी 13,2003
ताइपे,ताइवान